# लोमन्थाङ गाउँपालिका

## लोमन्थाङ गाउँपालिकाद्वारा प्रकाशित

लोमन्थाङ गाउँपालिका

# बालमैत्री आचारसंहिता सम्बन्धी मापदण्ड, २०८२

गाउँ कार्यपालिकाबाट मिति २०८३।०३।१९ मा स्वीकृत

(१) प्रस्तावः-

बालबालिका राष्ट्रका / भविष्यका कर्णधार हुन्। उनीहरुको सुरक्षित, स्वास्थ्य र सम्माजनक विकास सुनिश्चित गर्नु राज्य, समुदाय तथा परिवारको साझा दायित्व हो। बालबालिकाको अधिकार संरक्षण, सुरक्षा सुनिश्चितता तथा समावेशी र मैत्रीपूर्ण वातावरण निर्माण गर्ने उदेश्यले यस बालमैत्री आधार संहिताको तर्जुमा गरिएको हो।

नेपालको संविधान २०७२ ले बालबालिकाको अधिकारलाई मौलिक हकको रुपमा सुनिश्चित गरेको छ। साथै बालबालिका सम्बन्धी ऐन २०७५ तथा बाल अधिकार (CRC) ले बालबालिकाको संरक्षण, विकास, सहभागिता र अस्तित्वको अधिकारलाई स्पष्ट रुपमा प्रत्याभूत गरेका छन्।

उक्त सवैधानिक तथा कानुनी व्यवस्था अनुरुप विद्यालय / संस्था समुदायभित्र बालबालिकासँग गरिने व्यवहारलाई मर्यादित, सुरक्षित र बालमैत्री बनाउन आवश्यक नीति, नियम तथा मापदण्डहरु निर्धारण गर्न यस आधारसहिता निर्माण गरिएको हो। यसले बालबालिकालाई कुनै पनि प्रकारको हिसा. दुर्व्यवहार, शोषण तथा भेदभावबाट जोगाउने प्रतिबद्धता व्यक्त गर्दछ।

साथै, यस आचार संहिता मार्फत बालबालिकाको शिक्षा, स्वास्थ्य, संरक्षण र सहभागिताको अधिकारलाई सुनिश्चित गर्दै शिक्षक, कर्मचारी तथा सम्बन्धित सबै पक्षहरुलाई जम्मेवार, उत्तरदायी र संवेदनशील बनाउने लक्ष्य राखिएको छ।

अतः विद्यमान कानुनी व्यवस्था र बालबालिकाको सर्वोत्तम हितलाई केन्द्रमा राखी सुरक्षित, समावेशी, सम्मानजनेक र सहयोगी बातावरण निर्माण गर्न यस बालमैत्री आचारसंहिता सम्बन्धी जारी गरिएको छ।

**२) उद्देश्यः**

क) बालबालिकाको अधिकारलाई नेपालको संविधान २०७२ र बालबालिका सम्बन्धी ऐन २०७५ न बमोजिम संरक्षण र प्रवर्द्धन गर्नु।

ख) बालबालिकालाई कुनै पनि प्रकारको हिंसा, दुर्व्यवहार, शोषण तथा भेदभावबाट सुरक्षित गर्नु।

ग) विद्यालय / सस्था / समुदाय भित्र सुरक्षित, सम्मानजनक र बालमैत्री वातावरण सिर्जना गर्नु।

घ) बालबालिकाको शिक्षा, स्वास्थ्य, सरक्षण र सहभागिको अधिकार सुनिश्चित गर्नु।

ङ) शिक्षक, अभिभावक, कर्मचारी तथा सम्बन्धित पक्षलाई जिम्मेवार, उत्तरदायी र बाल संवेदनशील बनाउनु।

च) बालबालिकाको आत्मविश्वास, क्षमता र व्यक्तित्व विकासमा सहयोग पुर्याउनु।

छ) उजुरी तथा गुनासो व्यवस्थापन प्रणाली मार्फत समस्या समाधनलाई प्रभावकारी बनाउनु।

ज) समानता, समावेशीकरण र भेदभाव रहित व्यवहारलाई प्रवर्द्धन गर्नु।

**३) संक्षिप्त नाम र प्रारम्भः-**

१) यस आचारसंहिताको नाम 'बालमैत्री आचारसंहिता, २०८३ रहेको छ"।

२) सामान्यतया "यो आचारसंहिता कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

**४) परिभाषा र व्याख्याः-**

क) "नगरपालिका" भन्नाले जिरी नगरपालिकालाई सम्झनु पर्छ ।

ख) **"बालबालिका"** भन्नाले १८ वर्ष उमेर पुरा नगरेको व्यक्तिलाई सम्झनु पर्छ।

ग) **" विद्यालय"** भन्नाले जिरी नगरपालिका भित्र रहेका सामुदायिक संस्थागत, धार्मिक लगायत सम्बै किसिमका विद्यालयहरुलाई सम्झनु पर्छ।

घ) **"अभिभावक"** भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनाएको व्यक्तिलाई सम्झनु पर्छ।

ङ) **"संघ संस्था"** भन्नाले निश्चित सामाजिक या परोपकारी उद्देश्य प्राप्तिका लागि प्रचलित कानुन बमोजिम दर्ता भएको संगठित निकायलाई सम्झनु पर्छ।

च) **"कार्यापालिका"** भन्नाले जिरी नगर कार्यपालिकालाई सम्झनु पर्छ।

छ) **"समिति"** भन्नाले बालमैत्री स्थानीय शासन नगर समितिलाई सम्झनु पर्छ।

**५) बालमैत्री आचारसंहिताः**

**बालबालिकाले पालना गर्नुपर्ने आचार संहिता**

(१) नियमित र तोकिएको पोशाकमा विद्यालय जानेछ।

(२) विद्यालय हाताभित्र विद्यालयको नियम पालना गर्दै अनुशासित बन्ने छौं।

(३) स्थानिय स्तरमा रहेको बाल क्लबहरूमा सक्रिय सहभागिता जनाउदै कसैलाई पनि भेदभाव गर्ने छैनौं।

(४) विद्यालय र समुदायस्तरमा सञ्चालित विभिन्न अतिरिक्त क्रियाकलापहरूमा सहभागिता जनाई निर्धक्क रूपमा आफ्नो हक अधिकारको बारेमा कुरा राखे र कर्तव्यको बारेमा सचेत हुने छौ। बारेमा कुरा राखे र कर्तव्यको बारेमा सचेत हुने छौ।

(५) बालविवाहको लागि कुनै पनि अवस्थामा मञ्जुरी हुने छैनौं'र अन्यत्र हुन लागेमा पनि निरुत्साहित

गर्नेछ।

(६) हाम्रो आधारभुत आवश्यकताहरू खाना, आवास, स्वास्थ्य, शिक्षा, अवसर, माला, संरक्षण लगायतका बालअधिकारका बारेमा जानाकारी राख्दै अरुलाई पनि सिकाउनेछौं।

(७) बिपन्न र अपाङ्गता भएका साथिहरूलाई सहयोग गर्नेछ।

(८) आफुले नबुझेको र नजानेको कुरा शिक्षक तथा अभिभावकलाई सोध्नेछौं र आफुसँग सम्बन्धित पारिवारिक छलफल तथा निर्णयमा सहभागि हुनेछौं।

(९) टोल बस्तीमा हुन लागेका तथा भईरहेका बालविवाह, बाल यौन दुर्व्यवहार तथा बालश्रम जस्ता कुराहरूको जानकारी सम्बन्धित निकाय तथा अभिभावकलाई जानकारी दिनेछौं।

(१०) समय तालिका अनुसार पढ्ने, लेख्ने, खेल्ने, सुन्ने र सञ्चार माध्यमको प्रयोग गर्नेछौं।

(११) सुर्तिजन्य एवं मादक पदार्थको प्रयोग तथा खरिद बिक्रीमा संलग्न हुने छैनौ।

(१२) बाल अधिकार हनन् भएको अवस्था देखेमा सम्बन्धित निकायमा खबर पर्याउनेछौ।

(१३) अपरिचित व्यक्तिको ललाई फकाई तथा प्रलोभनमा फस्ने छैनौं र यस्तो भएमा अभिभावकलाई खबर गर्ने छौं।

(१४) आफु आबद्ध रहेको वा आफुलाई बोलाइएको सामाजिक संस्थाको बैठकमा नियमित र सक्रिय सहभागिता जनाउनेछौं र बालक्लब मार्फत बाल सहभागिता अभिवृद्धिमा पहल गर्नेछौं।

(१५) हात धुनु पर्ने अवस्था बुझ्ने र कार्यान्वयन गर्नेछौं।

(१६) शौचालयको नियमित प्रयोग गर्नेछौं।

(१७) पोषिलो खानेकुरा खानेछौं, भाइबहिनी र साथीहरूलाई पनि खानको लागि प्रेरित गर्नुको साथै ६ महिनासम्मका बालबालिकालाई आमाको दुधमात्र खुवाउनका लागि अभिभावकलाई सचेत गराउनेछौं।

(१८) ऑवश्यक परेको खण्डमा घर परिवारको अनुमति लिएर मात्र बाहिर निस्कनेछौं।

(१९) विद्यालय भर्ना अभियान, खोप अभियान, सरसफाई अभियान लगाएतका राष्ट्रिय तथा स्थानीय अभियानहरूमा बाल क्लब मार्फत सक्दो जनचेतना फैलाउने कार्यमा सहयोग गर्नेछौं।

(२०) साना भाईबहिनीहरूलाई वाल बिकास केन्द्रमा भर्ना गर्न अभिभावकहरू लाई प्रेरित गर्नेछौं

(२१) बालमैत्री स्थानीय शासनको दिगोपनाका लागि बाल क्लबका सदस्यहरू परिचालन हुनेछौं।

**<u>अभिभावकले पालना गर्ने आचार संहिता</u>**

(१) विद्यालय उमेरका हाम्रा छोरा छोरीलाई नियमित रूपमा विद्यालय पठाउने छौं

(२) विद्यालयमा समय समयमा अनुगमन गरी पूर्ण शैक्षिक वातावरण सिर्जना गर्न आवश्यक सहयोग गर्नेछौं।

(३) बालबालिकालाई अनुशासित र योग्य बनाउन बाल क्लब तथा बालबालिकालाई प्रेरित गर्नेछ।

(४) बालबिवाह, बाल यौन दुर्व्यवहार, बालश्रम जस्ता कुराहरू निरुत्साहित गर्दै बालबालिकालाई सचेत गर्नेछौं।

(५) समुदाय र विद्यालयमा हुने अतिरिक्त कृयाकलापमा सहभागि हुन बालबालिकालाई प्रेरित गर्नेछछ।

(६) विपन्न र अपाङ्गता भएका बालबालिकाको आवश्यकता अनुसारको वातावरण सिर्जना गर्नेछौं।

(७) आफ्नो घरमा कुनै पनि बालबालिकाको बालविवाह गरिदिने छैनौं।

(८) पढ्ने, लेख्ने, खाने, सुत्ने, खेल्ने र सञ्चार माध्यमको प्रयोग गर्न समय तालिका बनाइ दिनेछौं। र नियमित स्वास्थ परिक्षण गर्नुका साथै खोप लगाउने व्यवस्था मिलाउनेछौं।

(९) नादक पदार्थ तथा सुर्तीजन्य पदार्थको खरिद विक्री एंव प्रयोगमा बालबालिकालाई संलग्न गराउने छैनौं'र बालबालिकाको अगाडि पनि प्रयोग गर्ने छैनौं।

(१०) कुलत तथा दुर्व्यसनमा फस्न नदिनुका साथै घरपरिवार तथा समुदायमा त्यस्तो अवस्थालाई निरुत्साहित गर्नेछौं।

(११) अपरिचित व्यक्तिको ललाई फकाई तथा प्रलोभनमा नफस्न बालबालिकालाई सचेत गराउनेछ।

(१२) बाल क्लब तथा बालबालिकालाई आवद्ध भएको सामाजिक संघसस्थाको कार्यक्रम तथा बैठकमा सहभागिताको लागि प्रेरित गर्नेछौं।

(१३) सहज तथा बालमैत्री धारा, शौचालय तथा आवासको व्यवस्था गरिदिनेछौं।

(१४) नियमित सरसफाई जस्तै नङ् काट्ने, कपाल कोर्ने, ब्रस गर्ने, साबुन पानीले हात धुने नुहाउनआदि कुराको ख्याल गर्नेछौ।

(१५) समयमा खाजा र सन्तुलित भोजनको व्यवस्था मिलाउने तथा पोषणयुक्त खानेकुरा खाने व्यवस्था गर्नेछ।

(१६) आवश्यक परेको बेला बालवालिकाको उपस्थितिको आवश्यकतालाई मध्यनजर गर्दै सम्बन्धित क्षेत्रमा सहभागि गराउनेछौं।

(१७) बालबालिकालाई समयमा विद्यालय भर्ना गर्ने, खोप लगाउने कार्य गर्नुका साथै सरसफाईमा विषेश ध्यान दिनेछौं।

(१८) समयमा आफ्नो बालबालिकाको जन्मदर्ता गरिदिनेछौं।

(१९) साना बालबालिकालाई बालविकास केन्द्रमा भर्ना गर्नेछौं।

(२०) बालमैत्री स्थानीय शासनको प्रवर्द्धन तथा कार्यर्यान्वयनमा पूर्ण प्रतिवद्वताका साथ लाग्नेछौं।

**विद्यालय / संघ संस्थाले पालना गर्नु पर्ने आचार संहिता**

(१)प्रत्येक विद्यालयका सेवा क्षेत्र भित्र रहेका विद्यालय उमेर समुहका बालबालिकाहरूलाई अनिवार्य रूपमा विद्यालयको पहुँचमा ल्याउनेछौं।

(२)विद्यालयमा बालबालिका अभिभावक र शिक्षकले पालना गर्नुपर्ने नीति नियमको निर्माण र कार्यान्वयनमा सचेत राउनेछौ।

(३) बालबालिका तथा अभिभावकलाई बाल क्लबको महत्व बारे सचेत गराउनेछ।

(४) घर परिवार र समाजमा बालमैत्री वातावरण सिर्जना गर्ने अभिप्रेरित गर्नेछौ।

(५) बालवालिकाहरु माथि गरिने हिंसा दुर्व्यवहार बालश्रम शोषण रोक्न सचेतना फैलाउनेछौं।(६) बाल अधिकारको संरक्षण गर्दै बालबालिका तथा अभिभावकहरूलाई बाल अधिकार सम्बन्धी सचेत गराउनेछ।

(७) गरिब तथा जेहेन्दार विद्यार्थीहरूलाई छात्रवृतिको व्यवस्था गर्नुका साथै प्रत्येक संघ संस्थामा निर्माण गरिने भौतिक संरचना बालमैत्री बनाउने छौं।

(८) पालिका क्षेत्र भित्रका बालबालिकालाई नागरिक मञ्च, स्वास्थ्य संस्था र सहभागितात्मक योजना तर्जुमा प्रकृयाका चरणमा बालबालिकाको सक्रिय सहभागिताको सुनिश्चितता गर्नेछौ।

(९) सार्वजनिक स्थानमा बालश्रमको अवस्था रहन नदिनका साथै बाल विवाह र बाल यौन दुर्व्यवहारलाई अन्त्य गर्न सधै प्रयासरत रहनेछौं।

(१०) धुम्रपान, मद्यपान सुर्तिजन्य सामग्रीहरू खरिद तथा विक्री गर्न बालबालिकालाई नलगाउनको लागि कानून निर्माण र कार्यान्वयन गर्नेछौ।

(११) बाल अधिकार हनन्का घटनाहरू अनुगमन गर्दै त्यसको समाधानका लागि आवश्यक पहल गर्नेछौ।

(१२) बाल सूचना केन्द्रको स्थापना गर्नेछौं।

(१३) विद्यालय व्यवस्थापन समिति विभिन्न सामाजिक संरचना, बालबालिकासँग प्रत्यक्ष सरोकार राखे संस्थामा बालबालिकालाई अर्थपूर्ण सहभागी गराउनेछौ।

(१४) सहज सरल तथा बालमैत्री कक्ष निर्माण गर्नेछौं

(१५) स्वच्छ पिउने पानीको व्यवस्था गर्नुका साथै सरसफाइ सम्बन्धी सचेतना जगाउनेछौं।

(१६) पोषणयुक्त खानेकुरा र सन्तुलित भोजनको विषयमा अभिभावक तथा बालबालिकालाई सचेत गराउनेछौ।

(१८) विद्यालय भर्ना अभियान, खोप अभियान, सरसफाई सप्ताह लगायतका राष्ट्रिय अभियानहरू सञ्चालन

(१७) घरबाट बाहिर निस्कदा बालबालिका माथि हुन सक्ने दुर्व्यवहार र त्यसबाट बच्ने उपायबारे सचेत गराउनेछ।

(१९) बाल विकास केन्द्रको स्थापना तथा सञ्चालन गर्नेछौं।

(२०) वडामा कम्तीमा एउटा बालमैत्री पार्क निर्माण गर्नेछौ।

(२१) बालमैत्री स्थानीय शासन अभियानको सफलताका लागि पुर्ण रूपमा समर्पित हुनेछौं।

(२२) दण्डरहित शिक्षा प्रणाली कार्यान्वयन गर्दै बालमैत्री विद्यालय निर्माण गर्नेछौ।

(२३) विद्यालयमा आचारसंहिता बनाउँदा बालबालिकाले सजिलै भेट्ने स्थानमा गुनासो पेटीका राख्नेछौ।

( २७) वैकल्पिक हेरचाहमा रहेका बालबालिकाको अनुगमन गरी तथ्याङ्क अध्यावधिक गर्नेछौ।

**नगरपालिकाले पालन गर्ने आचार संहिता**

(१) वडालाई वालमैत्री घोषणा तथा निरन्तरताका लागि आवश्यक वजेटको व्यवस्था गर्ने।

(२) विद्यालयको अवस्था अनुगमन गर्ने।

(३) विद्यालय, व्यवस्थापन, समितिको बैठकमा उपस्थित हुने।

(४) बालसमुह संजाल गठन संचालन, सहजीकरण, क्षमता विकासका लागि अवसर दिने र वैठक गर्न सिकाउने

(५) भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री अवधारणा अवलम्बन गर्ने।

(६) बालबालिका माथि हुने शोषण, हिंसा, तथा दुर्व्यवहारको अनुगमन गरि निवारण गर्ने।

(७) बालमैत्री विद्यालय घोषणाका लागि आवश्यक अनुगमन तथा वातावरण तयार गर्ने।

(८) बालवालिकाद्धारा बालमैत्री योजना छनोट गरि कार्यान्वयनका लागि बजेट विनियोजन गर्ने।

(९) ऐन नियम रणनीतिले दिएको अधिकार प्रयोग गरि वडा लाई बालमैत्री घोषणा गर्ने।

(१०) घोषित बालश्रम मुक्त वडा निरन्तरताका लागि सधै प्रयत्नरत रहने र बालविवाह हुन नदिनका लागि सरोकारवालाहरुलाई निरन्तर सचेत गर्ने गराउने।

(११) विषयगत सेवा प्रदायक निकाय सँग निरन्तर बहस छलफल गरी उचित सेवा प्रवाहको वातावरण निर्माण गर्ने।

(१२) कानूनी आधारमा कुलतको संगती न्यूनीकरणका लागि सम्बन्चीत निकायको सहयोग लिई कार्य

गर्ने।

(१३) निरन्तर घरदैलो अनुगमन तथा उत्प्रेरणा जागरण गर्ने।

(१४) बालवालिकाहरुलाई युद्ध, नारा जुलुश, राजनैतिक कार्यक्रममा संलग्न नगराउने।

(१५) बालमैत्री सूचक प्राप्त भएका कागजात व्यवस्थापन गर्ने।

१६) नगर तथा वडाहरुमा बालमैत्री शाखा स्थापना गर्ने।

(१७) अर्थपूर्ण बाल सहभागीताको लागि विषयगत सरोकारवाला सँग निरन्तर समन्वय गर्ने।

(१८) शौचालयको प्रयोग, सरसफाई तथा खुला दिशामुक्त वडा निरन्तरताका लागि सचेत रहने।

(१९) सबै घरधुरीमा पिउन योग्य पानीको व्यवस्थापन सुनिश्चित गर्ने।

(२०) विद्यालयहरुका शौचालय बालमैत्री बनाउने।

(२१) पोषिलो खाना तथा स्थानीय रुपमा व्यवस्थापन सम्बन्धी ज्ञान, सिप, धारणाको प्रवाह गर्ने।

(२२) समुदायमा आधारित बाल संरक्षणमा काम गरिरहेका समुह संगठनसँग निरन्तर समृन्वय गर्ने।

(२३) घटना दर्ता तथा अन्य अभियान जस्ता कार्यक्रमको आयोजना तथा तथ्याङ्क अध्यावधिक गर्ने।

(२४) बाल विकास केन्द्रको अवस्था निरन्तर अनुगमन गर्ने।

(२५) बाल विकास केन्द्रको उचित व्यवस्थापन गर्ने।

(२६) बाल सहभागितामा वालमैत्री योजना छनौट गर्ने। आवधिक लगानी योजना निर्माण गरी कार्यान्वयन गर्ने।

(२७) बालमैत्री योजना कार्यान्वयनको अवस्था अनुगमन गर्ने।

(२८) समाजमा सामाजिक संस्कार स्थापनाका लागि कार्यक्रम गर्ने।

(२९) बालमैत्री कानुन कार्यान्वयन गर्ने।

(३०) जेहेन्दार, उत्कृष्ट बालबालिकाको सम्मानका लागि कार्यक्रमको निर्माण गर्ने।

**६) आचार संहिता विपरितको कार्य नमानिनेः**

प्रचालित कानूनको अधीनमा रही देहायका कामकुरालाई आचार संहिता विपरितको कार्य मानिने छैन।

(१)"आचार संहिता विपरितको कार्य नमानिने" खण्डमा सामान्यतया त्यस्ता अपवादहरू उल्लेख गरिन्छ, जहाँ बालबालिकाको हित वा सुरक्षाका लागि गरिएका कार्यहरूलाई 'उल्लंघन' मानिदैन।

(२) बालबालिकालाई कुनै तत्कालिन खतरा, दुर्घटना वा आत्मघाती कार्यबाट बचाउनका लागि आवश्यक परेर गरिएको सामान्य बल प्रयोगलाई आचार संहिता उल्लंघन मानिने छैन।

(३)बालबालिकालाई सही मार्ग देखाउनका लागि दिइने रंचनात्मक सुझाव, मायालु परामर्श र उनीहरूको हितका लागि गरिएका सम्झौतापूर्ण कार्यहरूलाई शारीरिक वा मानसिक संजाय मानिने छैन।

(४) बालबालिका सम्बन्धी ऐन वा अन्य प्रचलित कानूनले अधिकार दिएको निकाय (जस्तैः बाल सुधार गृह वा प्रहरी) ले बालबालिकाको सर्वोत्तम हितका लागि कानून सम्मत ढङ्गले गर्ने सुधारका कार्यहरूलाई यस संहिताको विपरीत मानिने छैन।

(५) खेलकुद वा शारीरिक व्यायामका क्रममा हुन सक्ने सामान्य चोटपटक वा खेलको नियम पालना गराउन गरिने सामान्य कडाइलाई दुर्व्यवहार मानिने छैन।

**(७) आचार संहिताको कार्यान्वयनः**

क) आचारसंहिता कार्यान्वयनको मुख्य जिम्मेवारी नगरपालिकाको बालमैत्री स्थानीय शासन समितिको हुनेछ।

ख) आचारसंहिताको गम्भीर उल्लंघन भएमा प्रचलित कानून (जस्तैः बालबालिका सम्बन्धी ऐन २०७५) बमोजिम कारबाही हुनेछ।

**८) संशोधनः-**

क) बालमैत्री आचारसंहिता सम्बन्धी आवश्यकता अनुसार कार्यपालिकाले संशोधन गर्न सक्ने छ।

लोमन्थाङ गाउँपालिका